3/10/2024

National News

प्रमुख समाचार

- श्री अमित शाहले भन्नुभयो, महात्मा गान्धीपछि प्रधानमन्त्री श्री नरेन्द्र  मोदीले मानिसमा स्वच्छताको संस्कृति विकसित गर्न योगदान दिनुभएको छ
- राष्ट्रपतिले विद्यार्थीहरूसित गर्नुभयो व्यवहार र कार्यमा नैतिक मूल्य अपनाउने आह्वान
- विद्यालय र महाविद्यालय स्तरमा विद्यार्थीहरूलाई अन्तरिक्ष प्रौद्योगिकीको जानकारी उपलब्ध गराउन भारत र श्रीलंकाबीच समझौता ज्ञापनमा हस्ताक्षर
- निर्वाचन आयोगले भनेको छ, जम्मू-कश्मीर विधानसभा चुनाउमा तीर्सट दशमलौ आठ-आठ प्रतिशत मतदान
- नयाँ दिल्लीमा अन्तरराष्ट्रिय फिल्म महोत्सव र पर्यावरण तथा वन्यजीवन मञ्च, वातावरणको उदघाटन

- Amit Saha

केन्द्रिय गृह तथा सहकारिता मन्त्री श्री अमित शाहले भन्नुभएको छ, महात्मा गान्धीपछि प्रधानमन्त्री श्री नरेन्द्र  मोदी यस्ता नेता हुनुहुन्छ, जसले स्वच्छतालाई जन आन्दोलन बनाउनका साथै मानिसहरूमा स्वच्छताको संस्कृति विकसित गर्नमा योगदान दिनुभएको छ।

गृह मन्त्री आज अहमदाबादमा चार सय सत्तरी करोड़ रूपियाँभन्दा अधिकका विभिन्न विकास परियोजनाहरूको उदघाटन र शिलान्यासपछि एउटा सभालाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।

उहाँले प्राथमिक विद्यालयहरूलाई स्मार्ट विद्यालयहरूमा विकसित गर्नमा अहमदाबाद नगर निगमद्वारा गरिएको अनुकरणीय कार्यको सराहना गर्नुभयो। उहाँले आज बिहान आफ्नो संसदीय क्षेत्र गान्धीनगरमा पनि विभिन्न परियोजनाको शुरूवात गर्नुभयो। यसमा सोलाको GMERS अस्पतालमा नवनिर्मित टेली पुनर्वास केन्द्र पनि शामेल छ।

--------------------------------------X--------------------------------------

- [President Rajasthan Visit]

राष्ट्रपति श्रीमती द्रौपदी मूर्मुले विद्यार्थीहरूसित व्यवहार र कार्यमा नैतिक मूल्यलाई अपनाउने आह्वान गर्नुभएको छ। उहाँ आज आफ्‍नो दुई दिवसीय राजस्थान यात्राको पहिलो दिन उदयपुरमा मोहनलाल सुखाड़िया विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। राष्ट्रपतिले भन्नुभयो, विद्यार्थीहरूले आफ्नो जीवनमा चरित्र बिग्रिने काम गर्नुहुँदैन। उहाँले भन्नुभयो, उच्चतम नैतिक मूल्य विद्यार्थीहरूको व्यवहार र कार्यशैलीको भाग हुनुपर्छ।

राष्ट्रपतिले भ्नुभयो, बाबा साहेब भीमराव अम्बेडकरका अनुसार शिक्षाभन्दा महत्त्वपूर्ण चरित्र हो। उहाँले विद्यार्थीहरूसित जीवनको प्रत्येक पाइलामा ईमानदारिता हुनुपर्छ।

राष्ट्रपतिले भन्नुभयो, एक्काइसौं सदीमा प्रत्येक क्षेत्रमा द्रुत गतिमा परिवर्तन भइरहेछ। यो परिवर्तन ज्ञान, विज्ञान र प्रौद्योगिकीको क्षेत्रमा पनि भइरहेछ। उहाँले विद्यार्थीहरूलाई भन्नुभयो, यस्तो समयमा उनीहरूले आफ्नो शिक्षाको उपयोगितालाई बनाइ राख्नका लागि विद्यार्थी भावना बनाइराख्न जरुरी छ। श्रीमती मुर्मुले विद्यार्थीहरूसित व्यक्तिगत महत्वाकांक्षा एवं सामाजिक संवेदनशीलताबीच सन्तुलन बनाएर अघि बढ्ने आह्वान गर्नुभयो।

--------------------------------------X--------------------------------------

- [India-Sri Lanka MoU]

विद्यालय तथा महाविद्यालय स्तरमा विद्यार्थीहरूलाई अन्तरिक्ष प्रौद्योगिकीको जानकारी उपलब्ध गराउन भारत र श्रीलंकाबीच आज चेन्नईमा एउटा समझौता ज्ञापनमा हस्ताक्षर गरियो। यस महत्वाकांक्षी परियोजनाको उद्देश्य जाफनामा सरकारी विद्यालयका विद्यार्थीहरूसितै भारतका विद्यार्थीहरूलाई संयुक्त रूपमा उपग्रह डिजाइन, विकास र प्रक्षेपणको प्रौद्योगिकीको बारेमा जानकारी दिनु हो। श्रीलंका सूचना प्रौद्योगिकी संस्थानका अध्यक्ष श्री इन्डी पथमनाथनले भन्नुभयो, यस परियोजनाले सीमादेखि माथि सहयोगलाई प्राथमिकता दिँदछ र यसबाट देशका भावी नागरिकहरूलाई विज्ञान र प्रौद्योगिकीमा उन्नत कौशल विकसित गर्नमा सहयोग प्राप्त हुनेछ।

--------------------------------------X--------------------------------------

- EC JK Election

निर्वाचन आयोगले भनेको छ, जम्मू-कश्मीर विधानसभा चुनाउको तिनै चरणमा कुल तीर्सट दशमलौ आठ-आठ प्रतिशत मतदान भयो। चौंसट दशमलौ छह्-आठ प्रतिशत पुरुष मतदाता र तीर्सट दशमलौ शून्य-चार प्रतिशत महिला मतदाताहरूले मत खसाले। जम्मू-कश्मीरमा तीन चरणमा विधानसभा चुनाउ भएको थियो भने मतगणना आठ अक्टोबरमा हुनेछ।

----------------------------------------X----------------------------------------

- JK Panchayat

जम्मू-कश्मीरमा पञ्चायत र शहरी स्थानीय निकाय चुनाउ यस वर्षको अन्तसम्ममा हुने सम्भावना छ। जम्मू-कश्मीरमा लोकसभा र विधानसभा चुनाउको सफल समापनपछि अब पञ्चायत र शहरी स्थानीय निकाय चुनाउको तयारी भइरहेछ। विधानसभा चुनाउका लागि तैनात सुरक्षा बल नगरपालिका र पञ्चायत चुनाउसम्म जम्मू-कश्मीरमा रहनेछन्। जम्मू र श्रीनगर नगर निगमको कार्यकाल गत वर्ष नोभम्बरमा समाप्त भएको थियो।

----------------------------------------X----------------------------------------

- Vatavaran Film Festival

अन्तरराष्ट्रिय फिल्म महोत्सव र पर्यावरण तथा वन्यजीवन मञ्च, वातावरणको उदघाटन आज नयाँ दिल्लीमा भयो। तीन दिवसीय फिल्म महोत्सवको विषय “जीवनका लागि सिमसार क्षेत्र” रहेको छ। यो महोत्सव सिमसार क्षेत्रको बारेमा जागरूकता र संरक्षणमाथि केन्द्रित छ।

कार्यक्रममा पर्यावरण मन्त्रालयमा वन महानिदेशक श्री जितेन्द्र कुमारले सिमसार क्षेत्र भारतका लागि धेरै महत्त्वपूर्ण छ भन्ने विषयमा प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, लगभग छह प्रतिशत भारतीय जीविकोपार्जनका लागि सौझै रूपमा सिमसार क्षेत्रमाथि निर्भर छन्। श्री कुमारले फिल्म महोत्सवले सार्थक मुद्दामाथि चर्चा गर्नसक्ने र संरक्षण रणनीतिहरू तयार पार्नसक्ने कुरामाथि आशा व्यक्त गर्नुभयो।

भारतमा जर्मनीको दूतावासमा जलवायु र पर्यावरण विभाग प्रमुख श्रीमती टाइना डाइकफले भन्नुभयो, पर्यावरण र सिमसार क्षेत्र संरक्षणमाथि भारत र जर्मनीबीच द्विपक्षीय सहयोग धेरै सफल रहेको छ। उहाँले भन्नुभयो, जनतासित यस्ता मुद्दामाथि चर्चा गर्नका लागि फिल्म एउटा प्रभावशाली माध्यम हो।

----------------------------------------X----------------------------------------

- [Sikkim BRO]()

सीमा सडक संगठनका महानिदेशक लेफ्टनन्ट जनरल रघु श्रीनिवासनले हालै सिक्किमको उत्तर र पूर्वी भागमा चलिरहेको सडक मरम्मत र निर्माण कार्यको जायजा लिनुभयो। लेफ्टनन्ट जनरल श्रीनिवासनको तीन दिनको यात्राको पहिलो दिन परियोजना स्वास्तिकका मुख्य अभियन्ता ब्रिगेडियर मनोज गुप्ताले उहाँलाई राष्ट्रिय राजमार्गमा चलिरहेका विभिन्न परियोजनाहरू तथा सिक्किममा भारतमाला परियोजनाको प्रगतिको जानकारी दिनुभयो।
मरम्मत कार्यको समीक्षापछि उहाँले गान्तोकमा राज्यपाल श्री ओमप्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई निर्माण कार्यको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, राज्यमा मानसूनको मौसम समाप्त हुन लागिरहेछ र अब निर्माण कार्य द्रुत गतिमा गरिनेछ। उहाँले राज्यका मुख्य सचिवसित पनि भेट गर्नुभयो।

--------------------------------------X--------------------------------------

- [Delhi BJP Road]()

राजधानीमा सड़कको खराब स्थितिलाई लिएर भाजपाले दिल्ली सरकारविरूद्ध आजदेखि खाल्डाको पोल खोल अभियानको शुरूवात गऱ्यो। भाजपा प्रदेश अध्यक्ष श्री वीरेन्द्र सचदेवाले भन्नुभयो, शहरमा प्रत्येक स्थानमा सड़क भत्किएको छ। उहाँले आरोप लगाउँदै भन्नुभयो, शहरको जर्जर सडक दिल्ली सरकारको विफलता र भ्रष्टाचचारको परिणाम हो। श्री सचदेवाले भन्नुभयो, यस अभियानको माध्यमबाट भाजपाले दिल्ली सरकारको झूठो र भ्रष्टाचारलाई जनता अघि ल्याउने प्रयास गरिरहेछ।

--------------------------------------X--------------------------------------

- [Foreign Ministry]()

भारतले अन्तरराष्ट्रिय धार्मिक स्वतन्त्रतामाथि अमेरीकी आयोगको रिपोर्टलाई दुर्भावनापूर्ण बताउँदै खारेज गरेको छ। रिपोर्टको बारेमा विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जयस्वालले आयोगलाई पक्षपाती राजनीतिक एजेन्डा भएको संगठन बताउनुभयो। उहाँले भन्नुभयो, यस संगठनले तथ्यलाई गलत तरिकाले प्रस्तुत गरिरहेछ र भारतको बारेमा एउटा प्रेरित काहानी प्रस्तुत गर्दछ। प्रवक्ताले संगठनसित यस्तो एजेन्डा सञ्चालित प्रयासहरूबाट टाड़ो रहन र अमेरीकामा मानवाधिकार मुद्दाको समाधान गर्ने आग्रह गर्नुभयो।

--------------------------------------X--------------------------------------

- <u>Foreign Minister</u>

विदेश मन्त्री डाक्टर सुब्रमण्यम जयशंकर भोली श्रीलंकाको आधिकारिक यात्रामा जानुहुनेछ। श्रीलंकामा राष्ट्रपति श्री अनुरा कुमार दिसानायकेले गत सप्ताह कार्यभार सम्हालेपछि भारत र श्रीलंकाबीच यो पहिलो उच्च स्तरीय यात्रा हुनेछ।

--------------------------------------X--------------------------------------

- <u>Junior World Champion</u>

जूनियर विश्व च्याम्पियनशिपमा महिलाहरूको पचास मिटर राइफल तीन पोजीशनमा खुशीले काँश्य पदक जितेकी छन्। अब भारतको पदकको संख्या पन्द्र भएको छ। भारत अहिलेसम्ममा दशवटा स्वर्ण, एउटा रजत र चारवटा काँस्य पदक जित्न सफल बनेको छ अनि पदक तालिकामा देश शीर्ष स्थानमा छ।

जूनियर महिला च्याम्पियनशिपमा दल स्पर्धामा साक्षी पाडेकर, मेलविना जोएल ग्लेड्सन र प्राची गायकवाडको तिनजनाको समूह एक हजार सात सय सन्ताउन अंकका साथ पाँचौं स्थानमा रहे। अनुष्का ठाकुरले पनि क्वालिफिकेशनमा पाँच सय पचासी अंक बनाइन्, तथापि इनर-दश रिङ्मा छब्बीस हिटका कारण उनी एघारौं स्थानमा रहिन। साक्षी, मेलविना र प्राची क्रमैले: चौबीस, बत्तीस र एकचालीस स्थानमा रहे।

--------------------------------------X--------------------------------------